दाऊद

पाष्टरीय तालीम पुस्तिका

४

तालीम र वृद्धि

T&M ®

तीन हजार वर्ष अघि ...

दाऊद एक सरल गोठालो केटो थियो । उनी बेथलेहेमको पहाडहरुमा बस्थे । यहोशूको नेतृत्वमा इस्राएलले प्रतिज्ञाको देश जितेका थिए । शावल प्रथम राजा थियो, तर उसले परमेश्वरको आज्ञा पालन गरेन । यसैबेला परमेश्वरले आफ्ना मानिसहरुमाथि शासन गर्न दाऊदलाई तयार पारिरहनु भएको थियो ।

दाऊदले वीणा बजाउथे अनि भजनहरु रच्थे । यी भजनहरुद्वारा उनले परमेश्वरको वचनप्रति प्रेम प्रकट गर्दथे । परमेश्वरप्रति यस प्रकारको भक्ति भएको कारण परमेश्वरले उनलाई विश्वास र साहसद्वारा दरिलो पार्नुभयो । एकपटक, जब एउटा सिंह र भालूले उसका भेडाहरुलाई आक्रमण गरे, उनले तिनीहरुलाई मारिदिए ।

एकदिन, अगमवक्ता शमूएलले उनलाई राजा हुनको निम्ति अभिषेक गरे । त्यसपछि दाऊदमाथि परमप्रभुको आत्मा आउनुभयो, र तिनलाई विशेष रुपमा अगुवाई गर्नुभयो । (१ शमूएल १६:१३)

त्यस समय पलिस्तीहरुसंग युद्ध चल्दैथियो । दाऊदका दाज्यूहरु इस्रायली सेनामा भएर लडदैं थिए ।

एकदिन दाऊदका पिता यिशैले तिनलाई भने ...

दाऊद युद्धभूमिमा पुग्यो । उसले गोल्यातद्वारा परमेश्वरको निन्दा भएको सुन्यो । त्यो गोल्यत नौ फीट अग्लो राक्षस थियो ।

गोल्यतले धम्क्याइरहयो ।

कुनै इस्राएलीले गोल्यतको चुनौतिलाई स्वीकार नगरेको देख्ता दाऊद छक्क पर्‍यो । इस्राएलको परमेश्वरको आदरलाई कसैले रक्षा गरेन ।

दाऊदले परमेश्वरमा भरोसा राख्थे । पवित्र भूमिमा आक्रमण गर्ने शत्रुलाई पराजित गर्नेछु भनी परमेश्वरले व्यवस्था २८:७ मा प्रतिज्ञा गर्नुभएको छ ।

दाऊदलाई यो थाहा थियो कि उनलाई सहयोग पुर्‍याउन परमेश्वरको आत्मा उनीसंग हुनुहुन्छ । परमेश्वरले नै उनलाई सिंह र भालू मार्न सहयोग गर्नुभएको थियो भनी उनले सम्झना गरे ।

दाऊद गोल्यतसंग लडन चाहन्छ भनी राजा शावललाई भनियो ! राजाले दाऊदलाई सिपाहीले लगाउने टोप र हतियार दिए ।

दाऊदले केही ढुगां आफ्नो गुलेलीमा राख्यो, अनि गोल्यतसंग भिडन गयो ।



दाऊदले एउटा ढुंगा गुलेलीद्वारा हान्यो । परमेश्वरको अगुवाइमा त्यो गयो । तुरन्तै त्यो राक्षस लडेर मर्‍यो ।



दाऊद साहसी थियो किनकि –

☐ उसले परमेश्वरमा भरोसा राख्यो

☐ उ एक जवान थियो ।

पलिश्तीहरु भागे । इस्राएली सेनाले तिनीहरुलाई खेद्यो । दाऊदले इस्राएलको निम्ति ठूलो विजय हासिल गर्‍यो ।



दाऊदलाई आदर गरियो । उसले परमेश्वरमा भरोसा राखेको थियो । १ शमूएल १७ मा यसको विवरण पाइन्छ ।

पछि जब राजा शावल मर्‍यो, परमेश्वरले दाऊदलाई राजा बनाउनुभयो ।

दाऊद विश्वासयोग्य भएको कारण, उनका छोराहरुले इस्राएलमा सदैव राज गर्नेछन् भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो । यो प्रतिज्ञा अनन्त राजा, येशू ख्रीष्टमा पूरा भयो । येशू राजा दाऊदको वंशज

दाऊदले गरेको अति मुख्य कुरो के जसले उसलाई साहस दिलायो ?

निश्चय, परमेश्वरले नै उसलाई तयार पारुन् भनी दाऊदले इच्छा गरे । उसले ससाना कुराहरु ठीकसंग गर्न सिके, अनि एक नम्र गोठालाको रुपमा विश्वास र लगनशीलतासाथ आफ्नो जिम्मेवारी पूरा गरे । सम्पूर्ण हृदयले परमेश्वरमा भरोसा राख्न उनले सिकेका थिए । उनले पवित्र आत्माको शक्ति पाएका थिए । जब राक्षस आयो दाऊद पहिल्यैबाट तयार भइसकेका थिए ।

ज्यू, दाऊदले परमेश्वरको इच्छा मात्र पूरा गर्न चाहन्थे । पछिबाट उनले भजनहरुमा बताएका छन् उनले परमेश्वरको वचन रातदिन मनन गर्थे अनि परमेश्वरको आत्माले उनलाई डोर्‍याउनु हुन्थ्यो । जब दाऊद राजा बने, उनले धेरै समस्याहरु झेल्नु पर्‍यो । यति बेला पनि उनले परमेश्वर र उहाँकै वचनमा भर परे । एक पटक उनी एक गम्भीर पापमा फँसे । तर उनले परमेश्वरमा भरोसा गरेको हुनाले, आफैलाई नम्र तुल्याउन दाऊदमा साहस थियो । प्रार्थनामा उनले आफ्नो पाप स्वीकार गरे । पर मेश्वरले उनलाई पुनर्स्थापित गर्नुभयो ।

दाऊदले पनि धेरै समस्याहरु झेल्नुपर्‍यो । पर मेश्वरको काम गर्नु गाह्रो छ ।
सजिलो कुराहरुबाट थाल्नोस् । तपाईका परिवार र मित्रहरुलाई खीष्टको बारेमा अनि उहाँले तपाईको निम्ति के गर्नु भयो सो बताउनुहोस् ।

दाऊदको नमूना नभुल्नुहोस् । प्रार्थना गर्नोस् अनि परमेश्वरको वचन मनन गर्नोस् । यदि हामीले उहाँको वचनमा भरोसा गर्‍यौं भने, उहाँले हामीलाई दरिलो पार्नुहुन्छ । उहाँको वचनद्वारा हामीले र ाक्षसहरुमाथि जय पाउन सक्छौं । याद गर्नोस्, पवित्र आत्मा तपाईभित्र बास गर्नुहुन्छ । उहाँ परमेश्वर हुनुहुन्छ ... " जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्नसक्छु " (फिलिप्पी ४:१३) ।

"किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुइधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी –जोर्नी र हाडका गुदीसम्मलाई भाग –भाग पारुञ्जेल वारपार छेंड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ ।" (हिब्रू ४:१२)

सारांश जाँच

१ दाऊदले परमेश्वरको वचन कसरी पढ्थे ?

☐ प्रेमसाथ

☐ बौद्धिक जिज्ञासा मेटाउन

२. परमेश्वरको वचनप्रति उनको ठूलो प्रेम भएको हुनाले , दाऊदले वचनलाई के गर्ने बानी बसाएका थिए ?

☐ कण्ठ पार्ने

☐ मनन गर्ने

३. परमेश्वरको वचनलाई धेरै मनन गरेर, दाऊदले आफ्नो हृदयमा राख्ने गर्थे । यसो गर्दा उनले विश्वास र के पाए ?

☐ सम्पत्ति

☐ साहस

४. दाऊदले साहस पाए किनकि उनी एकलो थिएनन् । उनीसित को थिए ?

☐ उनको पिता यिशै

☐ पवित्र आत्मा

५. के गर्नका लागि हामी पवित्र आत्मामा भर पर्दछौं ?

☐ साक्षी दिनका लागि

☐ मानिसहरुको गल्तीको आलोचना गर्न

अभ्यासको काम

- पढ्नोस्– शमूयल १६ र १७ अध्यायहरु

- दिनहुँ प्रार्थना गर्नोस् अनि परमेश्वरको वचन मनन गर्नोस् अनि सदैव पवित्र आत्मामा भर पर्नोस् ।

- तपाईको मण्डलीलाई दाऊदको नमूना सिकाउनोस् अनि उनीहरुले पनि पवित्र आत्मामा भर परेर प्रार्थना गर्न र परमेश्वरको वचन मनन गर्न सकून् जसद्वारा उनीहरुको विश्वास र साहस बढ्न सकोस् ।

- पढ्नोस् भजन ११९ । परमेश्वरको वचनप्रति कति ठूलो प्रेम हुनुपर्छ भनी यो भजनले हामीलाई देखाउँछ ?

- हरेक दिन कसैलाई साक्षी दिने प्रयास गर्नोस् ।

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

004NP01A-01